**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७७ साल मंसिर १८ गते बिहिबारको बैठकबाट भएका निर्णयहरु**

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | प्रस्तावको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | डोल्पा जिल्लाको छार्कातांङसोङ गाँउपालिकाको प्रशासनिक केन्द्र वडा नं ३ ढाडगाँउबाट सोहि गाँउपालिकाको वडा नं. ४ कागकोटमा कायम गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम नेपाल सरकार समक्ष पठाउने। |
| २. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | भवन निर्माण र पर्वतीय प्रदेश प्रहरी प्रतिष्ठान निर्माणको लागि रु. ३ करोड ९३ लाख र अन्य प्रदेश प्रहरी संरचना निर्माणको लागि रु. ५ करोड र प्रहरी तालिम केन्द्र निर्माणको लागि रु. १ करोड गरी कुल ९ करोड ९३ लाख रकम कर्णाली प्रदेश प्रहरी कार्यालयलाई अख्तियारी प्रदान, हस्तान्तरण गर्ने सो निमित्त स्वीकृति प्रदान गर्ने । |
| ३. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | मन्त्रालयको चालु आ.व. २०७७/०७८ को स्वीकृत बजेट अन्तर्गत चालु खर्च शिर्षक नं. २७२१२ को उद्धार राहत तथा पुर्नस्थापना खर्चको क्रियाकलाप संकेत नं. ७.२.८.५ सडक लगायत दुर्घटना उद्धार कार्यक्रम शिर्षकबाट कार्यक्रम संशोधन पश्चात विपद्का घटनाबाट मृत्यू भएका मृतक २३ घर परिवारलाइ ४६,००,०००/- (अक्षरुपीः छयालिस लाख) राहत रकम सम्बन्धित जिल्ला प्रशासन कार्यालयले मृतकको एकिन गरी राहात सुविधा दोहोरो नपर्ने शर्तमा उपलब्ध गराउन स्वीकृति प्रदान गर्ने । |
| ४. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले प्रस्तावित गरेको संगठन संरचना र दरबन्दी स्वीकृत गर्ने । |